नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

पुल्चोक, ललितपुर

### रुद्राक्षको विरुवा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७५/२/८

यस केन्द्रको लागि तपशिल बमोजिमको रुद्राक्षको विरुवा खरिद गर्न पर्ने भएकोले इच्छुक फर्म/कम्पनी/नर्सरी/ आपूर्तिकर्ताहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र खरिद गरी १६ औं दिन दिनको १२.०० वजे भित्र दर्ता गर्ने गरी केन्द्रको वेभसाइट **www.tepc.gov.np** र सूचना पाटीमा उल्लेख भए बमोजिमको शर्तहरु समेतको अधिनमा रहने गरी रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ।

तपशिल

| सि.नं. | दरभाउपत्र नम्बर | सामानको विवरण | परिमाण | लागत अनुमान (कर दस्तुर सहित) रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | **TEPC/PD3-2074/75** | २.५ देखी ३.५ फिट उचाइ,१ इन्च सम्मको मोटाइ र कम्तिमा २ वर्ष पुरानो रुद्राक्षको विरुवा । | **१२००० वटा** | १८,६०,०००/- | ४६,५००/- | सुनसरी उद्योग वाणिज्य संघको परिसर सम्म ढुवानी सहितको मुल्य। |
| २. | **TEPC/PD4-2074/75** | **रुद्राक्षको विरुवा** | **८००० वटा** | ११,२०,०००/- | २८,०००/- | भोजपुर उद्योग वाणिज्य संघमा ४००० र संखुवासभा उद्योग वाणिज्य संघको परिसर सम्म ४००० वटा विरुवा ढुवानी सहितको मुल्य। |
| | **क.** | २ देखी ३ फिट सम्म उचाइ, ३/४ देखी १ इन्च सम्मको मोटाइ र कम्तिमा १.५ वर्ष पुरानो रुद्राक्षको विरुवा । | ४००० वटा | | | |
| | **ख.** | २ देखी २.५ फिट सम्म उचाइ, १/२ देखी ३/४ इन्च सम्मको मोटाइ र कम्तिमा १.५ वर्ष पुरानो रुद्राक्षको विरुवा । | ४००० वटा | | | |

नेपाल सरकार

## उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

## व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

पुल्चोक, ललितपुर

## रुद्रक्षको विरुवा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

## (प्रथम पटक सूचना प्रकाशित मिति २०७५/२/८

यस केन्द्रको लागि स्वीकृत स्पेसिफिकेसन वमोजिमको तपशिलमा उल्लेखित रुद्राक्षको विरुवा खरिद गर्नु परेकोले इच्छुक ईजाजत प्राप्त फर्म/कम्पनी/नर्सरी तथा सप्लायर्सबाट देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र (दरभाउ-पत्र नम्बर अनुसार) आव्हान गरिएको छ।

यस केन्द्रको लागि स्वीकृत स्पेसिफिकेसन वमोजिमको तपशिलमा उल्लेखित रुद्राक्षको विरुवा खरिद गर्नु परेकोले इच्छुक ईजाजत प्राप्त फर्म/कम्पनी/नर्सरी तथा सप्लायर्सबाट देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र (दरभाउ-पत्र नम्बर अनुसार) आव्हान गरिएको छ।

१. योग्य शिलवन्दी दरभाउ-पत्रदाताले शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु रु. १०००/- (एक हजार) पछि फिर्ता नहुने राजश्व खाता नं. ०१८०२००००००००३००००५१, कार्यालय कोड नं. २८-३३०-०१, राजश्व शिर्षक नं. १४२२७ को कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैक लिमिटेड गावहाल, ललितपुरमा जम्मा गरेको सक्कलै भौचर साथ केन्द्रको कार्यालय पुल्चोक, ललितपुरबाट लिखित निवेदन सहित फर्म/कम्पनी/नर्सरी तथा सप्लायर्स दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७३/७४ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी १५ दिन (मिति २०७५/२/२२ गते भित्र) प्राप्त गर्न सक्नेछन्।

२. शिलबन्दी गरिएको दरभाउ-पत्र केन्द्रीय कार्यालय पुल्चोक ललितपुरमा मिति २०७५/२/२३ गते दिनको १२.०० बजे भित्र दर्ता गरिसक्नु पर्नेछ।शिलबन्दी गरिएको दरभाउ-पत्रको खाममा स्पष्टसँग दरभाउ-पत्र नम्बर उल्लेख गर्नुपर्ने छ ।

३. शिलबन्दी गरी तोकिएको समयभित्र पेश भई प्राप्त भएका दरभाउ-पत्रहरु, उपस्थित हुन चाहेका शिलवन्दी दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा, केन्द्रको कार्यालय, पुल्चोक, ललितपुरमा मिति २०७५/२/२३ गते दिनको १.०० बजे खोलिनेछ।दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउ-पत्रको साथ जमानत रकम दरभाउ-पत्र नम्बर TEPC/PD3-2074/75 को लागि रु.४६,५००/- र दरभाउ-पत्र नम्बर TEPC/PD4-2074/75 को लागि रु.२८,०००/- राजश्व खाता नं. ०१८०२००००००००३००००५१, कार्यालय कोड नं. २८-३३०-०१, राजश्व शिर्षक नं. १४२२७ को कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैक लिमिटेड गावहाल, ललितपुरमा जम्मा गरेको सक्कलै भौचर वा यस केन्द्रको नाममा जारी गरिएको दरभाउ-पत्र पेस गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वाणिज्य बैंकबाट जारि भएको बैंक ग्यारेन्टि (विड वण्ड) को सक्कलै प्रति पेस गर्नु पर्नेछ ।

५. दरभाउ-पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन र समयमा दरभाउ-पत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउ-पत्र र दरभाउ-पत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

६. म्याद नाघि र रित नपुगि प्राप्त भएको दरभाउ-पत्र उपर कुनै कारवाही हुने छैन ।

७. कुनै वा सबै दरभाउ-पत्र कारण जनाई वा नजनाई पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहने छ ।

८. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुने छ ।

९. योग्य शिलवन्दी दरभाउ-पत्रदाताहरूले थप जानकारीको लागि वा शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु र स्पेसिफिकेशन हेर्न (अध्ययन गर्न) चाहेमा कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क राख्न सक्नेछन् ।

१०. यो सूचना केन्द्रको www.tepc.gov.np मा समेत हेर्न सकिनेछ । साथै यस सम्वन्धी थप वुझ्नु परेमा यस केन्द्रको फोन नं.०१-५५५११५७, ०१-५५२५८९८, ०१-५५३२६४३ मा सम्पर्क गर्न सकिनेछ ।

## तपशिल

| सि.नं. | दरभाउपत्र नम्बर | सामानको विवरण | परिमाण | लागत अनुमान (कर दस्तुर सहित) रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ३. | TEPC/PD3-2074/75 | २.५ देखी ३.५ फिट उचाइ,१ इन्च सम्मको मोटाइ र कम्तिमा २ वर्ष पुरानो रुद्राक्षको विरुवा । | १२००० वटा | १८,६०,०००/- | ४६,५००/- | सुनसरी उद्योग वाणिज्य संघको परिसर सम्म ढुवानी सहितको मुल्य। |
| ४. | TEPC/PD4-2074/75 | **रुद्राक्षको विरुवा** | **८००० वटा** | ११,२०,०००/- | २८,०००/- | भोजपुर उद्योग वाणिज्य संघमा ४००० र संखुवासभा उद्योग वाणिज्य संघको परिसर सम्म ४००० वटा विरुवा ढुवानी सहितको मुल्य। |
| | ग. | २ देखी ३ फिट सम्म उचाइ, ३/४ देखी १ इन्च सम्मको मोटाइ र कम्तिमा १.५ वर्ष पुरानो रुद्राक्षको विरुवा । | ४००० वटा | | | |
| | घ. | २ देखी २.५ फिट सम्म उचाइ, १/२ देखी ३/४ इन्च सम्मको मोटाइ र कम्तिमा १.५ वर्ष पुरानो रुद्राक्षको विरुवा । | ४००० वटा | | | |